# सामुदायिक भेडा स्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन कार्यविधि– २०७३

भूमिका :

नेपालको अधिकाँश भु-भाग शितोष्ण तथा समशितोष्ण भएकोले भेडा च्यांग्रा पालन तथा ऊन पश्मीना उत्पादनको राम्रो सम्भावना रहेको छ। विश्व वजारमा नेपाली गलैचाको माग बढ्दो छ। नेपाल विश्व व्यपार संगठन (WTO) को सदस्यता लिएको सन्दर्भमा निर्यातयोग्य वस्तुमा कम्तिमा ८ प्रतिशत स्वदेशी कच्चा पदार्थको प्रयोग हुनुपर्ने बाध्यात्मक अवस्थाले पनि नेपालमा भेडापालन व्यवसायलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता महशुस गरिएको छ । भेडामा नश्ल सुधारको माध्यमवाट प्रजनन् योग्य भेडा तथा थुमाको उपलव्धता वढाउन र मासु र कार्पेट ऊनको उत्पादनमा वृद्धि गर्न नेपाल सरकारको सामुदायिक भेडा स्रोत केन्द्र विकास कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त, नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम: "भेडा स्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन कार्यविधि–२०७३" रहेको छ।

(ख) यो कार्यविधिनेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ।

२. **परिभाषा :** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

(ख) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

(ग) "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ ।

(घ) "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ ।

(ङ) "कार्यविधि"भन्नाले "भेडा स्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन कार्यविधि–२०७३" सम्झनु पर्छ।

(च) "कार्यक्रम"भन्नाले "भेडा स्रोत केन्द्र विकास कार्यक्रम"सम्झनु पर्छ।

(छ) "स्रोतकेन्द्र" भन्नाले सामुदायिक भेडा स्रोतकेन्द्र तथा निजी रुपमा स्थापित भेडा स्रोत केन्द्र समेतलाई सम्झनु पर्छ।

(ज) "कृषक" भन्नाले स्रोतकेन्द्रमा आवद्ध तथा व्यवसायिक भेडापालक कृषक सम्झनु पर्छ।

(झ) समुह/समिति /सहकारी भन्नाले श्रोत केन्द्रमा तथा व्यवसायिक फार्ममा आवद्ध कृषकसमुह/समिति /सहकारी सम्झनु पर्दछ।

(ञ) "सेवा केन्द्र" भन्नाले कार्यक्रम संचालित क्षेत्रको सम्वन्धित पशु सेवा केन्द्र"क" वा "ख" सम्झनुपर्छ।

३. **उद्देश्यहरु : यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :**

(क) प्रति श्रोतकेन्द्र कम्तीमा १००० प्रजनन् योग्य माउ भेडा भएको श्रोत केन्द्र स्थापना गरी उच्च उत्पादन क्षमता भएका भेडा तथा थुमाको आपूर्तिमा सहयोग पुर्‍याउने।

(ख) भेडा तथा भेडाजन्य उत्पादनको व्यवसायीकरण गर्दै कृषक व्यवसायीहरुको आयमा वृद्धि गर्नुका साथै आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउने।

(ग) मासु र ऊन उत्पादनको लागि सिफारिस भएका विशिष्ठीकृत भेडाका जातको विकास तथा विस्तार गर्ने।

(घ) कार्पेट ऊन उत्पादनका आवश्यक प्रविधि (ऊन संकलन, ग्रेडिङ तथा प्रशोधन) को प्रसार गर्ने।

४. अवधिः
भेडा स्रोतकेन्द्र विकास कार्यकमको अवधि ५ वर्ष (आ.व. २०७३/०७४ देखि २०७७/७८ सम्म) को हुनेछ। यस कार्यक्रमको मध्यावधी समीक्षा गरी त्यसबाट प्राप्त प्रतिफलको आधारमा भेडा विकासका कार्यक्रमलाई दीर्घकालिन दृष्टिकोण सहित पशु सेवा विभागको नियमित कार्यक्रममा समावेश गरी निरन्तरता र दिगोपना प्रदान गरिनेछ।

**५. कार्यक्रम संचालन हुने स्थान**
भौगोलिक वातावरणीय तथा प्राविधिक दृष्टिबाट भेडापालनको लागि उपयुक्त जिल्लाहरुमा भेडा स्रोत केन्द्र विकास कार्यक्रम लागु गरिनेछ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रकृया

**१. सामुदायिक भेडा स्रोत केन्द्र स्थापना तथा व्यवस्थापनः**
कार्यक्रम लागु भएका जिल्लाहरुमा कम्तिमा २ वटा १००० वटा उत्पादनशिल माउ भेडा भएका २ वटा क्लष्टरमा सामुदायिक भेडा स्रोत केन्द्रको स्थापना गर्नुपर्नेछ। स्रोत केन्द्रको लागि स्थान छनौट गर्दा देहाय बमोजिमका कुराहरुलाई ध्यानमा राखी सम्भावित स्थलको सुची तयार गरी जिल्ला पशु विकास कार्यदलको बैठकबाट छनौट गरिने छ।
१.सकेसम्म एउटै टोलमा १००० वटा संख्यामा उत्पादनशिल माउ भेडा भएको टोल छनौट गर्ने, टोलमा नपुग्ने भएमा वडाभरीमा वा भौगोलिक रुपमा यो कार्यक्रम लागु भएका सिमाना जोडिएका जिल्लामा उत्पादन क्षेत्रहरु समेटेर एक क्लष्टर बनाउन मिल्ने गरी ठाउ छनौट गर्ने।
२. व्यवस्थित दिगो भेडा स्रोतकेन्द्र विकासको लागि सकेसम्म कृषकको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था अनुकुल रहेका क्षेत्रको छनौट हुनु पर्दछ।
३. घाँसको विकास भएको वा घाँस विकास गर्न सकिने भू–बनोट भएका खर्कहरु भएका क्षेत्रमा कार्यक्रम संचालन गर्नुपर्ने छ।
४. सम्वन्धित क्षेत्रमा भेडाको स्रोतकेन्द्र विस्तार गर्ने पर्याप्त सम्भावना रहेको हुनुपर्ने छ।
५. विगतमा तथा चालु अवस्थामा भेडा विकासका अन्य कार्यक्रम संचालन भएको क्षेत्रलाई पनि छनौट गर्न सकिने छ।

**२. सेवा संचालन गर्ने प्रकृया**

| कार्य | कार्यविधि | जिम्मेवारी |
|---|---|---|
| १ | पकेट क्षेत्रहरुबाट सम्भावित स्रोतकेन्द्रको लागि अनुसूची १ बमोजिमको प्रस्ताव आह्वान गर्ने। | जि.प.से.का. |
| २ | सामुदायिक भेडा स्रोत केन्द्र स्थापना तथा व्यवस्थापन कार्यक्रम संचालनको लागि दिईने आवेदन पत्रको ढाँचा अनुसूची २ बमोजिम हुनु पर्ने। | जि.प.से.का. |
| ३ | अनुसूची ३ लाई आधार मानेर जिल्लास्तरीय पशु विकास कार्यदलको बैठक बसि स्रोतकेन्द्र स्थापनाको लागि क्षेत्र छनौट गर्ने। | जि.प.से.का./पशु विकास कार्यदल |
| ४ | जि. प. से. कार्यालय, पशु सेवा केन्द्रको संलग्नतामा अनुसूची ४ को ढाँचा बमोजिम कृषक समूह, समितिहरु गठन गरि स्रोतकेन्द्रसँग सम्झौता गर्ने। | जि. प. से. का./पशु सेवा केन्द |
| ५ | स्रोतकेन्द्रका कृषकहरु, स्थानीय निकाय, पशु सेवा विभागका क्षेत्रिय तथा | जि.प.से.का. |

| कार्य | कार्यविधि | जिम्मेवारी |
|---|---|---|
| | केन्द्रीय निकाय, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका प्रतिनिधिहरुको संग्लग्नतामा स्थलगत भेडा स्रोतकेन्द्र अभिमूखिकरण गोष्ठी संचालन गर्ने । | |
| ६ | स्रोतकेन्द्र संचालन समितिले बैठक आयोजना गरि स्रोतकेन्द्र विकासको कार्य योजना तयार गर्ने । | स्रोतकेन्द्र संचालन समिति/ पशु सेवा केन्द्र |
| ७ | सामाजिक परिचालकको छनौट र अनुसूची ५ बमोजिमको सम्झौता गर्ने | पशु सेवा केन्द्र / स्रोतकेन्द्र संचालन समिति |
| ८ | कृषकस्तरिय भेडापालन सम्बन्धि स्थलगत तालिमहरु संचालन गर्ने | जि.प. से.का. /पशु सेवा केन्द्र |
| ९ | सहायक प्राविधिक स्तरीय र समाज परिचालक संचालन तालिमहरु संचालन गर्ने । | के.भे.बा.प्र.का. र प.से.ता.तथा प्र. नि. |
| १० | कृषक पाठशाला संचालन गर्ने । | जि.प. से.का, पशु सेवा केन्द्र |
| ११ | औषधि र विमा कोष स्थापना गर्ने । | जि.प. से.का. पशु सेवा केन्द्र, स्रोतकेन्द्र संचालन समिति |
| १२ | गोठ /खोर तथा घुम्ति गोठ निर्माण सुधार | पशु सेवा केन्द्र, स्रोतकेन्द्र संचालन समिति, कृषक |
| १३ | उत्पादन क्षमता न्यून भएका प्रजनन् थुमा हटाउने तथा खसि पार्ने अभियान संचालन | पशु सेवा केन्द्र, स्रोतकेन्द्र संचालन समिति |
| १४ | ट्यागिङ्ग, डिवर्मिङ्ग, डिपिङ्ग, खोप लगाउने, खसी पार्ने र थुमा वितरण गर्ने । | जि.प. से.का. पशु सेवा केन्द्र, स्रोतकेन्द्र विकास समिति, सामाजिक परिचालक |
| १५ | अनुसुची ६ बमोजिमको अभिलेखिकरण, तथ्यांक संकलन तथा तथ्यांक विश्लेषण | जि.प. से.का. पशु सेवा केन्द्र, समाज परिचालक, कृषक |
| १६ | नर्सरी स्थापना तथा घाँसको बीउ बेर्ना वितरण | जि.प. से.का, पशु सेवा केन्द्र |
| १७ | खर्क सुधारका कार्यक्रमहरु संचालन गर्ने जस्तै : चरन खर्क जाने बाटो निर्माण, घुम्ती गोठको लागि टेन्ट वितरण, गोठालाहरुलाई लजिष्टिक सपोर्ट तथा खर्कमा कार्यरत गोठालाहरुको लागि मोवाइल फोन र सिमकार्ड वितरण आदि । | जि.प. से.का. पशु सेवा केन्द्र, समाज परिचालक, कृषक |
| १८ | भेडा तथा उनको बजार व्यवस्थापन | स्रोतकेन्द्र संचालन समिति |
| १९ | जनचेतना अभिबृद्धिका लागि विभिन्न तहमा प्रचार, प्रसारका कार्यहरु गर्ने । | जि. प.से.का., पशु उत्पादन निर्देशनालय, |



66

| कार्य | कार्यविधि | जिम्मेवारी |
|---|---|---|
| | | केन्द्रीय भे.बा.प्र.का. |
| २० | पशु सेवा केन्द्र/ उपकेन्द्रले कार्यक्रम संचालनको नियमित अभिलेख राखि मासिकरुपमा सम्बन्धित जि.प.से.का. मा प्रगति पठाउने । | पशु सेवा केन्द्र |
| २१ | जि.प.से.का.हरुले स्रोतकेन्द्रको भिन्दा भिन्दै तथा एकमुष्ट मासिक, चौमासिक र वार्षिक प्रगति कम्पाइल गरी नियमितरुपमा के.भे.बा. प्र.का., सम्बन्धित क्षे.प.से.नि. र पशु उत्पादन निर्देशनालयमा पठाउने । | जि.प.से.का. |
| २२ | प्रत्येक क्षे.प.से.नि.ले कार्यक्रम सफलतापुर्वक संचालन गर्न गराउन आफ्नो मातहतका जि.प.से.का. भेडा स्रोत केन्द्रहरुको अनुगमन, निरीक्षण तथा पृष्ठपोषण गर्ने र देखा परेका समस्या र समाधानका उपायहरु सहित के.भे.बा.प्र.का. र पशु उत्पादन निर्देशनालयमा प्रतिवेदन पठाउने । | क्षेत्रीय पशु सेवा निर्देशनालय |
| २३ | स्रोत समुहको नाममा बैंक खातामा अनुदान रकम जम्मा गरिदिने र उक्त खाता संचालन स्रोत समुहका अध्यक्ष र कोषाध्यक्ष एवं जिल्ला पशु सेवा कार्यालय/सम्बन्धित पशु सेवा केन्द्रका प्राविधिकबाट संयुक्त रुपमा संचालन गर्नु पर्नेछ ।समुह र प्राविधिक समेतको उपस्थितीको वैठकको निर्णय अनुसारका कार्यमा अनुदान रकम खर्च गर्न सक्नेछन् । | |

**३. कार्यक्रमबाट उपलब्ध गराईने अनुदान तथा सामाग्रीहरु**

१. खोर, गोठ, घुम्ती गोठ निर्माण सुधार अनुदान
२. खर्क सुधारका लागि आवस्यक मेशिनरी उपकरण विउ विजन आदि
३. ट्याग तथा ट्यागिङ्ग मेशिन
४. बर्डिजो क्याष्ट्रेटर, सोलार, पोखरी निर्माण आदि
५. वईङ्ग ब्यालेन्स, फेल्टिङ मेशिन
६. डिपिङ्ग ट्याङ्क निर्माणको लागि अनुदान/पोर्टेवल डिपिङ्ग ट्याङ्क
७. घाँसको विरुवा तथा विउ विजन
८. मिनरल ब्लक तथा टि.एम.आर.
९. आन्तरिक/वाह्य परजिवी विरुद्ध औषधिहरु तथा खोपहरु
१०. कृत्रिम गर्भाधान सेवा/प्राकृतिक गर्भाधान सेवाको लागि प्रजनन् योग्य थुमाको लागि अनुदान
११. कृ.ग.का सामाग्रीहरु
१२. रेकर्डिङ्ग फर्मेटहरु
१३. विभिन्न प्राविधिक पाठ्य सामाग्रीहरु आदी ।

**४. भेडामा नश्ल सुधार तथा कृत्रिम गर्भाधान संचालनः**

उच्च उत्पादन क्षमता भएका रोम्निमार्स तथा कुपवर्थ जातका भेडावाट जन्मेका थुमाहरुको उपलव्धता वढाउन सरकारी सामुदायिक तथा अन्य निजी भेडा स्रोत केन्द्रहरुमा उपरोक्त जातका सिमेन प्रयोग गरी कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ ।

**५. भेडा तथा ऊनको वजारीकरण प्रवर्द्धन व्यवस्थापन**

उत्पादित भेडाको ऊनको विकी वितरणको लागि उनीजन्य व्यवसायमा सम्लग्न सरकारी तथा गैर सरकारी संघ संस्था एवं कृषक विच समन्वय गराई उन संकलन केन्द्र स्थापना तथा संचालन गरिने छ र उक्त संकलन केन्द्र देखी केन्द्रिय निकायसम्म ढुवानीको व्यवस्था मिलाईने छ ।

६. क्षमता अभिवृद्धि तथा जनशक्ति विकास

प्राविधिक, कृषक तथा उद्यमी स्तर भेडापालन तालीम साथै सहायकस्तर भेडा भेडामा कृ.ग. संबन्धि तालिम, ऊन उत्पादन ग्रेडिङ्ग तथा प्रशोधन सम्वन्धि तालीम र कृषक तथा प्राविधिकस्तर भ्रमण जस्ता क्षमता अभिवृद्धिका कार्यक्रमहरु केन्द्रस्तर, जिल्ला स्तर र स्थलगत रुपमा गरी तालिम तथा प्रसार निर्देशनालयको नर्मस तथा निर्देशिका बमोजिम संचालन गरिने छ ।

द्रष्टव्य:

१. *कार्यक्रम संचालनमा विभिन्न निकाय तथा सरोकारवालाहरुको जिम्मेवारी अनुसूची ७ मा भए बमोजिम हुनेछ ।*

**७. सामुदायिक भेडा स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मस्:** (बजेट रु. हजारमा)

| सि.नं. | उपलब्ध गराईने अनुदानको विवरण | इकाइ | परिमाण | लागत प्रति एकाइ रु. | अधिकतम अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भेडाको गोठ निर्माण/सुधार | संख्या | १ | ३०० | ३०० | |
| २ | घुम्ती गोठमा बासस्थानको लागी टहरा निर्माण | पटक | १ | १०० | १०० | |
| ३ | घुम्ती गोठमा सोलार वितरण | | १ | २५ | २५ | |
| ४ | भेडा गोठमा खानेपानीको पोखरी निर्माण | संख्या | १ | १५० | १५० | |
| ५ | ऊन काल्ने चर्खा वितरण ढुवानि समेत | संख्या | १ | ६ | ६ | |
| ६ | ऊन केलाउने कोरेसो वितरण | संख्या | १ | २ | २ | |
| ७ | काईयो (भेडाको रौं कोर्ने) वितरण | संख्या | १ | ३ | ३ | |
| ८ | डिजिटल वईङ व्यालेन्स खरिद र ढुवानी | संख्या | १ | ४० | २८ | |
| ९ | सेयरिङ्ग सिजर खरिद तथा वितरण | संख्या | १ | ३ | ३ | |
| १० | राडी पाखी माड्ने (फेल्टिङ) मेशिन वितरण | संख्या | १ | ५०० | ५०० | |
| ११ | डिपिङ टैंक निर्माण | संख्या | १ | २०० | १०० | |
| १२ | कार्पेट ऊन उत्पादन गर्ने जातको क्रस थुमा खरिद तथा वितरण (ढुवानी समेत) | संख्या | १ | ३० | ३० | |
| १३ | ऊनीजन्य उत्पादन विक्रि पसल निर्माण/सुधार | संख्या | १ | २०० | २०० | |
| १४ | मासु पसल सुधार | संख्या | १ | २०० | २०० | |
| १५ | समुह समिति गठन | पटक | १ | ५ | ५ | |
| १६ | समाज परिचालकबाट सेवा प्रवाह | संख्या | १ | ६ | ६ | |
| १७ | औषधि कोष स्थापना तथा संचालन | पटक | १ | १०० | ५० | |
| १८ | पोर्टेवल डिपिङ्ग ट्याङ्क खरिद तथा वितरण | संख्या | १ | ६० | ६० | |
| १९ | चरन खर्कमा जाने बाटोको निर्माण सुधार | पटक | १ | २०० | २०० | |
| २० | घुम्ती गोठको लागी टेन्ट वितरण | संख्या | १ | २० | २० | |
| २१ | खर्कमा कार्यरत गोठालाहरु तथा अन्यको लागी लजिस्टीक सपोर्ट (स्लिपिङ्ग ब्याग, टर्च, गमबुट, रुफस्याक, म्याट्रेस आदि) | पटक | १ | २० | २० | |

| सि.नं. | उपलब्ध गराईने अनुदानको विवरण | इकाइ | परिमाण | लागत प्रति एकाइ रु. | अधिकतम अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| २२ | खर्कमा कार्यरत गोठालाहरुको लागी मोवाईल फोन र सिमकार्ड वितरण | संख्या | १ | ८ | ८ | |
| २३ | भेडा, ऊन संकलन तथा विक्रि केन्द्र स्थापना | संख्या | १ | ७५० | ५२५ | |
| २४ | खानेपानी ट्यांकी निर्माण (१२ घन मिटर) | संख्या | १ | ६० | ३० | |

८ अपेक्षित प्रतिफलः

१ ५ जिल्लामा कम्तिमा १०००० माउ भेडा पालन हुने ।

२ प्रतिवर्ष १२५०० वर्णशंकर पाठापाठी उत्पादन हुने ।

३ १२५० वर्णशंकर पाठाहरु प्रजनन् योग्य हुने ।

४ २५०० वर्णशंकर पाठिहरु कार्पेट उन उत्पादको लागि योग्य हुने ।

५ पहिलो वर्ष ९ मे.ट., दोश्रो वर्ष १३.५ मे.ट. र तेश्रो वर्ष १६ मे.ट. कार्पेट उन उत्पादन हुने

६ नश्ल सुधार भएका भेडाहरुको वार्षिक उन उत्पादन २--२.५ केजि प्रतिवर्ष हुने भएकोले वार्षिक करिव १० मे.ट. उन उत्पादनमा बृद्धी हुनेछ ।

७ प्रत्येक जिल्लामा एउटा भेडा तथा उन संकलन केन्द्र स्थापना हुने ।

८ कार्पेट उनको लागि प्रतिवर्ष १००० भेडामा कृत्रिम गर्भाधान हुने ।

९. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा,लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन ,लेखाकंन , २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्वजनिक खरिद ,ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१०. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

# अनुसूची - १

## सामुदायिक भेडा श्रोतकेन्द्र स्थापनाको लागि प्रस्ताव आह्वानको सूचनाको ढाँचा

केन्द्रिय भेडाबाखा प्रबर्द्धन कार्यालयको समन्वयमा तपसिलमा उल्लेखित जिल्ला पशु सेवा कार्यालयहरुको आ.व. २०..... / ... को वार्षिक स्वीकृत **सामुदायिक भेडा श्रोतकेन्द्र स्थापना कार्यक्रम** अनुसार भेडाको श्रोत केन्द्र विकास, फार्म सुदृढिकरण, **नश्ल** सुधार, स्वास्थ्य सेवा, घाँस विकास, ऊन तथा ऊनजन्य सामाग्रीको उत्पादन, बजार प्रबर्द्धन आदि कार्यक्रम संचालन गर्नको लागि ................ जिल्लामा बसोबास गरेका वेरोजगार/अर्धवेरोजगार व्यक्ति/समुह समिति/सहकारीहरुबाट प्रस्ताव आह्वानको लागि यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ । इच्छुक उल्लेखित समुह/समिति/सहकारीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित **सामुदायिक भेडा श्रोतकेन्द्र स्थापनाको लागि** तोकिएको ढाँचा अनुसारको आवेदन फाराम र परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा पेश गर्न हुन जानकारी गराईन्छ । विस्तृत जानकारीका लागि सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा वा केन्द्रिय कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**क) संलग्न हुनुपर्ने कागजातहरु:**

१. अनुसूची २ अनुसारको आवेदन फाराम

२. प्राविधिक तथा आर्थिक प्रस्ताव : हालसम्म पालि आएको बाखाको स्टक विवरण, खोर गोठको अबस्था, विउ जनावरको अबस्था, दिर्घकालिन सोच, हालसम्मको आम्दानी खर्चको विवरण, श्रोत केन्द्रमा आवद्ध भई संके पछि गरिने कार्यहरुको विवरण आदि ।

३. समुह/समिति/सहकारीमा आवद्ध भेडापालक कृषकहरुको तालीम, शैक्षिक योग्यता, अनुभव र वैदेशिक रोजगारवाट फर्केको हकमा कागजातहरुको प्रतिलिपिहरु

४. जिल्ला पशु सेवा कार्यालय वा अन्य सम्बन्धित निकायमा भेडा फार्म दर्ता भएको भए आवश्यक कागजातका प्रतिलिपिहरु

अनुसूची - २

सामुदायिक भेडा श्रोतकेन्द्र स्थापना तथा संचालनको लागि दिईने आवेदन पत्रको ढाँचा

श्रीमान् प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय
......................

विषय : सामुदायिक भेडा श्रोतकेन्द्र स्थापना अन्तर्गतका कार्यक्रमहरु उपलब्ध गराई दिने बारे ।

महोदय,

श्री जिल्ला पशु सेवा कार्यालय ............................ले मिति ........................ को .............................. पत्रिकामा प्रकाशित सूचना अनुसार श्री.................................................. फार्म/ समुह समिति/ सहकारीको तर्फबाट सामुदायिक भेडा श्रोत विकास कार्यक्रमका लागी उक्त कार्यक्रम प्राप्त गरी अझै स्तरीय र उन्नत भेडाको श्रोत विकास गरी प्रजननको लागि भेडा उत्पादन तथा गुणस्तरीय ऊन तथा ऊनजन्य सामाग्री उत्पादन कार्य गर्ने तिव्र ईच्छा भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेको छु/छौं । अनुदान सहयोग प्राप्त गरेमा कार्यविधि र सम्झौतामा उल्लेख भए अनुसारको प्रक्रिया बमोजिम सम्बन्धित जिल्लाभित्रै रही कार्य गर्नेछु/छौं ।

पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

**तपसिल**

१. अनुसूची ३ अनुसारको विवरण
२. समुह/समिति/सहकारीमा आवद्ध भेडापालक कृषकहरुको प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यताका प्रतिलिपिहरु)
३. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
४. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण
५. परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र

**निवेदक**
दस्तखत :
नाम:
पद:
ठेगाना:
मिति:

संस्थाको छाप:

अनुसूची - ३

## निजी भेडा फार्म/ समुह समिति/सहकारीले भेडापालन गरेको विवरण

| क्र. सं. | विवरण | कृषकले भर्नुपर्ने विवरण |
|---|---|---|
| १. | भेडापालक फार्म / समुह / समिति / सहकारीको नाम तथा ठेगाना | नाम : .................................................. <br> ठेगाना: जिल्ला.................. गा.वि.स.................... <br> वार्ड नं....... |
| २. | फार्मको अध्यक्षको नाम, थर | ................................................................ |
| ३ | फार्म स्थापना गरिएको मिति | ................................................................ |
| ४ | रोजगारीको लागि विदेश गए / नगएको | ....................................(यदि गएको भए देशको नाम खुलाउने र प्रमाणको फोटोकपि पेश गर्ने) |
| ५ | भेडापालन वा घाँस खेती सम्बन्धी तालिम लिएको भए खुलाउने | ........................................................ (प्रमाणपत्रको फोटोकपि पेश गर्ने) |
| ६ | शैक्षिक योग्यता | ................................................................ <br> (प्रमाणपत्रको फोटोकपि पेश गर्ने) |
| ७ | हाल फार्म/ समुह/ समिति/ सहकारीमा रहेको भेडाको विवरण | माउ भेडाको कुल संख्या.................... <br> पाठापाठीको कुल संख्या...................... <br> प्रजनन् थुमाको कुल संख्या................. <br> खसीको कुल संख्या .......................... <br> कुल जम्मा भेडा संख्या...................... |
| ८ | भेडाको जात | १.........................२.........................३........... |
| ९ | भेडापालन पद्दति <br> ( बधुवा/अर्ध बधुवा/ पूर्ण बधुवा) | ................................................................ |
| १० | खोरको अवस्था (व्यवस्थित खोर / परम्परागत खोर) र क्षमता (भेडा अट्न सक्ने संख्या) | ................................................................ |
| ११ | निजी फार्म वा समुह/समति/सहकारी का प्रति सदस्यले भेडापालन तथा घाँस खेतीका लागि छुटाएको जग्गाको औषत क्षेत्रफल ( रोपनीमा) | ..........................................................रोपनी |
| ११ | घाँस खेति गरेको र घुम्ती चरनको विवरण | (क) भुँइ घाँस.................................रोपनी <br> (ख) डालेघाँस (संख्या) .............................. <br> (ग) घुम्ती चरन......................................रोपनी |
| १२ | खेती गरिएको भूइ तथा डालेघाँसको नाम | ................................................................ |
| फिल्ड प्रमाणिकरण अनुगमनकर्ता प्राविधिकको सिफारिस | | |
| छनौट गरिएको स्थानमा भेडापालनको संभाव्यता स्थानीय परिवेशको अनुकुलता, प्राविधिकरुपमा पूर्वाधारको उपयुक्तताको मुल्यांकन | | .............................जि.प.से.का.को प्राथमिकिरण नं.................. |

*नोट : जिल्ला पशु सेवा कार्यालयले छनौट भएका निजी फर्म /समुह/समिति/सहकारीको यो विवरण अनिवार्यरुपमा केन्द्रीय भेडाभेडा प्रवर्द्धन कार्यालयमा पठाउनुपर्ने छ ।*

## अनुसूची ४
## भेडा स्रोतकेन्द्रसँग गरिने सम्झौता पत्र

आज मिति........................ जिल्ला पशु सेवा कार्यालयद्वारा संचालन गरिने **सामुदायिक भेडा स्रोतकेन्द्र विकास कार्यक्रम**को उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न जि.प.से.का, ................ (पहिलो पक्ष भनिने) र .................... सामुदायिक भेडा स्रोतकेन्द्र, ...................... (दोस्रो पक्ष भनिने) बीच तपसीलमा उल्लेखित शर्तहरुमा रहि सम्झौता भएको छ।

1. स्रोतकेन्द्रमा आवद्ध कृषकहरुले अनिवार्यरुपमा समूह /समितिको सदस्य भई लक्षित कार्यक्रम अनुसार भेडापालन गर्नुपर्ने छ।
2. दुवै पक्षको सहमतिमा स्थानीय वा नजिकका जिल्लाहरुको माग बमोजिम वा हावापानी र भौगोलिकताको आधारमा सिफारिस भएका भेडाको जातको स्रोत केन्द्र स्थापना गर्नुपर्ने छ।
3. प्रजनन् भेडा, थुमा र पाठापाठीमा अनिवार्यरुपमा ट्याग लगाई नियमित रुपमा भेडाको अभिलेख राख्नुपर्ने छ।
4. स्रोतकेन्द्र विकास कार्यक्रममा संचालन निर्देशिकामा उल्लेख भए अनुसार पहिलो ३ वर्षसम्म आवश्यक उपकरण तथा सामग्री र प्राविधिक सेवा पहिलो पक्षबाट उपलब्ध हुने छ। चौथो वर्षदेखि स्थापना गरिएका कोषबाट सो सेवा सामग्रीको व्यवस्था दोस्रो पक्षले गर्नुपर्ने छ।
5. दोस्रो पक्षले भेडामा अनियन्त्रित र हाड नातामा प्रजनन् पूर्णरुपमा नियन्त्रण गर्न प्रतिवद्ध हुनुपर्ने छ।
6. स्रोतकेन्द्रमा उत्पादित पाठालाई ५ महिनाको उमेरसम्म खसी पार्न र विक्री वितरण गर्न पाइने छैन। पाठीको हकमा पनि सो उमेरसम्म विक्री वितरण गर्न पाइने छैन। त्यस पछि प्रजननको लागि छनोट भएका पाठापाठीलाई सोही प्रयोजनको लागि अन्य भेडापालक कृषकहरुमा विक्रि वितरण गर्ने र अन्यलाई आवश्यकतानुसार गर्न खसी पार्ने वा बेचविखन गर्न पाईने छ।
7. पहिलो पक्षले उपलब्ध गराएको सेवा सुविधाको दोस्रो पक्षले दुरुपयोग गर्न पाउने छैन।
8. संझौता अनुसार कार्य गर्दा भवितव्यमा परि नोक्सान भएमा पहिलो पक्ष जिम्मेवार रहने छैन।
9. पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा ताकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन।
10. पहिलो पक्षबाट संचालित कार्यक्रम समाप्त पश्यात् पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिई दिगो बनाउनु पर्ने छ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| जि.प.से. का.को तर्फबाट सहि गर्नेको | भेडा स्रोतकेन्द्रको अध्यक्षको |
| नाम : | नाम : |
| पद: | ठेगाना: |
| दस्तखत: | दस्तखत : |
| मिति: | मिति : |
| कार्यालयको छाप : | औठा छाप |
| **रोहबर** | **रोहबर** |
| **योजना शाखा, पशु सेवा कार्यालय कार्यालय** | गाउं बिकास समितिको |

*द्रष्टब्य : जि.प.से.का ले आवश्यकता अनुसार उल्लेखित शर्तहरुमा थपघट गर्न सक्ने छ। र यो संझौता पत्र केन्द्रिय भेडाबाख्रा प्रवर्द्धन कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ।*

# अनुसूची ५
## सामाजिक परिचालकसँग गरिने सम्झौता पत्र

आज मिति........................मा जिल्ला............गा.वि.स.............. मा संचालित **सामुदायिक भेडा स्रोतकेन्द्र विकास कार्यक्रम** अनुसार कार्य गर्न................सामुदायिक भेडा स्रोतकेन्द्र विकास समिति (यस पछि प्रथम पक्ष भनिने) र जिल्ला...........गा. वि.स...............वार्ड नं. .....निवासी श्री ...........................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसीलमा उल्लेखित शर्तहरुमा रहि सम्झौता भएको छ ।

१. दोस्रो पक्षले पहिलो पक्षद्वारा दिइएको निर्देशन अनुसार सामाजिक परिचालकको रुपमा भेडा स्रोत केन्द्रमा सेवा गर्नुपर्ने छ ।
२. दोस्रो पक्षले कृषकहरुमा प्रविधि अनुसरण लगायत भेडाको खोर, प्रजनन, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन कार्यको सहजीकरण गर्नुपर्ने छ ।
३. पाठापाठीको ३ महिनाको उमेरसम्म लिइएको अभिलेख /तथ्यांक कृषकबाट संकलन गरेको ७ दिन भित्र समितिलाई बुझाउनुपर्ने छ । यसरी नै पाठापाठीको ५ महिनाको उमेरसम्म लिइएको अभिलेख /तथ्यांक पनि सो अवधिभित्र समितिलाई बुझाउनुपर्ने छ ।
४. दोस्रो पक्षले भेडापालनका प्रविधिको अनुशरणका लागि कृषकहरुलाई सदैव अभिप्रेरित गर्ने छ ।
५. दोस्रो पक्षले स्रोतकेन्द्रका कृषकहरुको समस्याहरु पहिचान गरि पशु सेवा केन्द्र /उपकेन्द्र वा पहिलो पक्षकोमा पठाउने छ ।
६. दोस्रो पक्षले मासिकरुपमा स्रोतकेन्द्रको प्रगति विवरण पहिलो पक्षसमक्ष पेश गर्ने छ ।
७. दोस्रो पक्षले कृषक पाठशाला संचालनमा सहयोग गर्नु पर्ने छ ।
८. पहिलो पक्षले दोस्रो पक्षको कार्य सन्तोषजनक भएमा मासिकरुपमा रु. चार हजार पारिश्रमिक उपलब्ध गराउने छ ।
९. दोस्रो पक्षले कम्तिमा ३ वर्षको सेवा गर्नुपर्ने छ ।
१०. दोस्रो पक्षको कार्य संतोषजनक नभएमा पहिलो पक्षले सम्झौता रद्द गर्न सक्ने छ ।
११. दुवै पक्षको समझदारीमा अन्य सेवा शर्तहरु थप गर्न सकिने छ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| भेडा स्रोतकेन्द्र विकास समितिको तर्फबाट सहि गर्नेको | समाज परिचालकको |
| नाम : | नाम : |
| पद: | ठेगाना: |
| दस्तखत: | दस्तखत : |
| मिति: | मिति : |
| कार्यालयको छाप : | औंठा छाप : |

रोहवर (जि.प.से.का./सेवाकेन्द्र/उपकेन्द्र)
नाम :
पद :
दस्तखत :

*द्रष्टव्य : यो संझौता पत्र सहितको निजको व्यक्तिगत विवरणका फोटोकपीहरु केन्द्रिय भेडाबाखा प्रवर्द्धन कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।*

अनुसूची ६ (क)

गाउ भेडाको अभिलेख फारमको नमूना

जिल्ला पशु सेवा कार्यालय..............

.............सामुदायिक भेडा स्रोतकेन्द्र,.....................

कृषकको नाम: ठेगाना:

माऊ भेडाको नाम वा संकेत: नश्ल: ट्याग नम्बर:

जन्म मिति

माऊ भेडाको माऊ माऊ भेडाको बाऊ

पहिलो पटक बोका लाग्दाको मिति: पहिलो पटक ब्याएको मिति:

माऊ भेडाको बिगतको संक्षिप्त जानकारी: उल्टिने ( ) तुहिने ( )

बारम्बार रोग लाग्ने ( ) अन्य...............

| वेत नम्बर | थुमा लागेको मिति | थुमाको ट्याग नं | ब्याएको मिति | तौल लिएको पटक | तौल लिएको मिति | पाठापाठीको लिङ्ग (M or F), तौल - (के.जी.मा) | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | | २ | | | ३ | | | |
| | | | | | | ट्याग | लिङ्ग | तौल | ट्याग | लिङ्ग | तौल | ट्याग नं. | लिङ्ग | तौल | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पांचौं महिना | | | | | | | | | | | |

माउ भेडा बथानबाट हटेको मिति ....... .................कारण मृत्यु भएको ( ) यदि मृत्यू भएको भए कारण रोग लागेर ( ) बिकि गरेको ( ) दुर्घटना वा जंगली जनावरको आक्रमणबाट ( )

*द्रष्टब्य : कृषकले पाठाको जन्म तौल, तीन महिनाको तौल र पाँच महिनाको तौल गरि जम्मा ३ पटक तौल लिने । र अभिलेखीकरणको लागि जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।*

अनुसूची ६ (ख)

## सामुदायिक भेडापालन श्रोत केन्द्रको स्थलगत सर्वेक्षण फारम

जिल्ला

श्रोत केन्द्रको नाम

ठेगाना

स्थापना मिति

समुह अध्यक्षको नाम ठेगाना

मोवाइल /फोन नं.

खोरको अवस्था: औषतमा मिति:

| सि. नं. | फार्मको स्टक विवरण | | | | | | | वार्षिक विक्री संख्या | विक्रीवाट आम्दानी | वार्षिक ऊन उत्पादन के.जी. | ऊन विक्रीवाट आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भेडाको जात | माउ | थुमा | पाठा | पाठी | खसी | जम्मा | | | | |
| | | | | | | | | | | | |

**घांस लगाएको क्षेत्रफल:**

हिउदे:

वर्षे:

वहुवर्षे:

डालेघाँस संख्या:

**जैविक सुरक्षा अवलम्वन विवरण**

कम्पाउण्ड घेरीएको छ छैन ?

फार्म गेटमा निसंक्रमणको औषधि राखेको/नराखेको

**अभिलेखीकरण (Data Recording)**

स्टक रेकर्ड

प्रजनन् रेकर्ड

स्वास्थ्य रेकर्ड

आहारा रेकर्ड

ऊन उत्पादन रेकर्ड

ऊनबाट बनेका सामाग्रीहरुको रेकर्ड

**औषधि उपचारको विवरण:**

**खोप**

खोप लगाएको मिति

**परजिवि नियन्त्रण**

परजिवि नियन्त्रण मिति

आन्तरिक: औषधिको नाम

वाह्य: औषधिको नाम

**अन्य उपचार विवरण:**

प्राविधिक सेवा लिएको व्यक्ति वा संस्थाको विवरण

सेवा शुल्क (बार्षिक) रु

**वजारको अवस्था**

**अन्य ( केहि भए)**

**सम्वन्धित व्यवसायीको सहि:**

**मिति:**

सर्वेक्षकको सहि:

नाम:

पद:

मिति:

द्रष्टव्य : प्रत्येक समूहको छुट्टाछुट्टै तथ्यांक संकलन गरी केन्द्रिय भेडा भेडा प्रवर्द्धन कार्यालयमा आर्थिक बर्षको अन्त्यमा अनिवार्यरुपमा पठाउनु पर्नेछ ।

## अनुसूची ७

## कार्यक्रम संचालनमा विभिन्न निकाय तथा सरोकारवालाहरुको जिम्मेवारी

### १. स्रोतकेन्द्रको जिम्मेवारी

(क) उपलब्ध गराइएको अभिलेख फारम अनिवार्य र नियमितरुपमा भर्ने, भर्न अभिप्रेरित गर्ने तथा सहयोग गर्ने ।

(ख) अभिलेखको तथ्यांक पशु सेवा केन्द्र/उपकेन्द्रलाई उपलब्ध गराउने ।

(ग) कार्यक्रम संचालनमा सक्रियरुपमा सहभागी बनि जि.प.से.का./पशु सेवा केन्द्र/उपकेन्द्रलाई सहयोग गर्ने ।

(घ) जि.प.से.का/पशु सेवा केन्द्र/उपकेन्द्रसँग समन्वय गरि सामाजिक परिचालक छनौट तथा सम्झौता गर्ने ।

(ङ) स्रोतकेन्द्रमा **सामुदायिक भेडा स्रोतकेन्द्र** को साइनबोर्ड सबैले देख्ने गरी राख्ने ।

(च) सम्बन्धित टोल /वार्ड /गा.वि.स. तथा त्यसको वरिपरि खुल्ला चरनमा लगिने प्रजनन थुमा चरनमा लैजान रोक लगाउने तथा कमसल थुमा खसि पार्ने तथा हटाउनको लागि सम्बन्धित व्यक्ति तथा संस्थासंग समन्वय गरी हाडनाता प्रजनन (Inbreeding) न्युनीकरण गर्ने तर्फ आवश्यक पहल गर्ने ।

(छ) जिल्ला पशु सेवा कार्यालयको समन्वयमा कोष स्थापना गर्ने, कोष संचालनको लागि नियम, प्रकृया बनाउने र रकम परिचालन गर्ने ।

(ज) कोषको रकम बढाउन आर्थिक सहयोगको लागि विभिन्न निकायसंग समन्वय गर्ने ।

(झ) अन्य कृषकहरुलाई नश्ल सुधारिएका भेडापालन गर्न प्रोत्साहित गर्ने ।

(ञ) बिक्री योग्य भेडाहरुलाई प्रजनन् र मासुका लागि छुट्टा छुट्टै इन्भेन्ट्री तयार गर्ने र प्रजनन बोका, प्रजनन् माउ भेडा, खसी, छटनी गरिएका माउ र पाठापाठीहरुको बिक्रि मुल्य निर्धारण गर्ने ।

(ट) भेडाको बजारीकरणको लागि सम्पर्क बढाउने ।

(ठ) आफ्नो इलाकाको पशु सेवा केन्द्र/उपकेन्द्रसंग नियमित सम्पर्क एवं समन्वयमा रहने ।

(ड) स्रोतकेन्द्र भित्रका समस्याहरु छलफल तथा समाधान गर्न मासिकरुपमा बैठक आयोजना गर्ने ।

(ढ) मासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरि सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्रमा पठाउने ।

(ण) कार्यक्रम अवधि समाप्त भैसकेपछि पनि **स्रोतकेन्द्र** संचालनलाई निरन्तरता दिने ।

### २. पशु सेवा केन्द्र/उप-केन्द्रको जिम्मेवारी:

(क) **स्रोतकेन्द्र** लक्षित कार्यक्रम संचालन गर्ने ।

(ख) कृषक समुह/ समिति गठन र कोष संचालनमा सहयोग गर्ने ।

(ग) स्रोतकेन्द्रमा कृषकद्धारा उपलब्ध गराइएको तथ्यांकलाई सफ्टवेयरमा प्रविष्ट गर्ने वा जि.प.से.का.मा पठाउने ।

(घ) जि.प.से.का.को समन्वयमा स्रोतकेन्द्रमा भेडापालनका प्रविधिहरुको अनुशरण गराउन कृषक पाठशाला संचालनमा सहयोग पुराउने ।

(ङ) कार्यक्रम संचालन गर्न कुनै किसिमको अप्ठ्यारो आइपरे वा कुनै सल्लाह सुझाव भए जिल्ला पशु सेवा कार्यालयलाई समय मै खवर गर्ने ।

(च) स्रोतकेन्द्रको नियमित निरिक्षण, अनुगमन गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।

(छ) स्रोतकेन्द्रहरुवाट मासिक प्रगति संकलन गरी सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

### ३. जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी:

(क) स्रोतकेन्द्र स्थापनाको लागि पकेट क्षेत्रहरुबाट प्रस्ताव आह्वान र प्राथमिकिकरण गरि जिल्ला स्तरीय पशु विकास कार्यदलमा पेश गर्ने ।

(ख) निर्देशिका अनुसारको कार्यक्रम तय गरि संचालन गर्ने ।

(ख) स्रोतकेन्द्र विकासका लागि कृषक छनौट, समुह/समिति/सहकारी गठन गर्न सहयोग पुराउने ।

(ग) स्रोतकेन्द्र विकासमा केन्द्रीय निकायहरुसँग समन्वय गर्ने ।

(घ) कोष स्थापना र संचालन प्रकृयामा सहयोग पुराउने ।

(ङ) स्थानीय संचार माध्यमहरुबाट जनचेतनामुलक प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।

(च) स्रोतकेन्द्रको तथ्यांक उपलब्ध गराइएको सफ्टवेयरमा इन्ट्री तथा विश्लेषण गरि भेडा छनौट प्रकृयामा सहयोग पुराउने ।

(छ) भेडाको जोखिम न्यूनीकरणका लागि कृषकहरुमा नेपाल सरकारद्वारा संचालित विमा कार्यक्रमको जनचेतना बढाउने।

(ज) स्रोतकेन्द्र विकासका लागि सरोकारवाला निकायहरुबाट आवश्यक सहयोग जुटाउन पहल गर्ने ।

(ज) नियमितरुपमा स्रोतकेन्द्रमा संचालन गरिएका कार्यक्रमहरु अनुगमन तथा मुल्यांकन गर्ने । यस प्रकारका अनुगमनमा आवश्यकता अनुसार जिल्ला स्तरीय पशु विकास कार्यदललाई समेत समावेश गराउने ।

(झ) सम्बन्धित क्षेत्रिय पशु सेवा निर्देशनालय, केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालयमा नियमितरुपमा मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने ।

## ४. केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालयको जिम्मेवारी:

(क) भेडा स्रोतकेन्द्र विकास कार्यक्रमको प्रमुख संयोजकको रुपमा कार्य गर्ने ।

(ख) कार्यक्रम संचालनको लागि आवश्यक निर्देशिका, कार्यविधि, नर्मस तयार तथा परिमार्जन गरी स्विकृत गराउने र कार्यान्वयनमा ल्याउने ।

(ग) स्रोतकेन्द्र विकासका लागि आवश्यक प्रचार प्रसार सामाग्री वितरण तथा जनचेतना अभिवृद्धिको कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(घ) विभिन्न कृषक तथा कर्मचारी तालिम संचालन गर्ने पशु सेवा तालिम तथा प्रसार निर्देशनालयसंग समन्वय गर्ने ।

(ङ) आवश्यकतानुसार जिल्ला पशु सेवा कार्यालयहरुलाई प्राविधिक परामर्श तथा अन्य सल्लाह सुझाव दिने ।

(च) विभिन्न क्षेत्रमा संचालित स्रोतकेन्द्रहरु बीच समन्वय गराउने ।

(छ) कृषकको माग, क्षेत्रको हावापानी र भौगोलिकताको आधारमा स्रोतकेन्द्रमा उपयुक्त जातको भेडा सिफारिस गर्ने, नश्ल सुधार तथा भेडाको छनौट प्रकृयामा मापदण्ड निर्धारण गर्ने र अनुसन्धानात्मक कार्यहरु गर्न नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गर्ने ।

(ज) स्रोतकेन्द्रमा भेडाको उत्पादन मापदण्ड निर्धारण, स्थानी भेडाको जातिय शुद्धता तथा आनुवंशिकी संरक्षणमा
सम्बन्धित विश्व विद्यालयलयहरु तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने ।

(झ) पशु सेवा विभागका विभिन्न निकायहरुसँग समन्वय गरि कार्यक्रम संचालनलाई प्रभावकारी बनाउने

(ञ) स्रोतकेन्द्र विकास कार्यक्रमको प्रभावकारीता अध्ययन गर्ने ।

(ट) स्रोतकेन्द्रहरुको नियमितरुपमा अनुगमन निरीक्षण गर्ने र सुधारको लागि पृष्ठपोषण दिने ।

(ठ) कार्यक्रमको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन नियमितरुपमा पशु उत्पादन निर्देशनालय र केन्द्रिय भेडाबाखा प्रबर्द्धन कार्यालयमा पठाउने ।

## ५. क्षेत्रिय पशु सेवा निर्देशनालयहरुको जिम्मेवारी:

(क) कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न जिल्ला पशु सेवा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

(ख) जिल्लामा संचालित कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिवेदन चौमासिक रुपमा आवश्यक सुझाव सहित पशु उत्पादन निर्देशनालयमा पठाउने ।

(ग) कार्यक्रमको क्षेत्रगत रुपमा मासिक, चौमासिक र वार्षिक प्रगति विवरण केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालमा प्राप्त हुने गरी पठाउने ।

६. राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको जिम्मेवारी :

स्रोतकेन्द्रमा घाँस विकासको लागि आवश्यक बीउ/बेर्ना उपलब्ध गराउन वा सम्बन्धित सेवा पुराउन सहयोग गर्ने ।

७. पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयको जिम्मेवारी

(क) स्रोत केन्द्रका भेडा तथा ऊन र ऊनबाट बनेका सामाग्रीहरुको बजारीकरणका लागि बजार सूचना प्रवाह, मुल्य निर्धारण, संकलन केन्द्र स्थापना, बजार संजाल निर्माण लगायतका कार्यहरुमा सहयोग पुराउने ।

(ग) बजारीकरणका लागि नीति, निर्देशिका, कार्यविधि, नमर्स बनाउन तथा परिमार्जन गर्न सहयोग गर्ने ।

८. पशु सेवा तालिम तथा प्रसार निर्देशनालयको जिम्मेवारी:

(क) स्रोतकेन्द्रमा संचालित हुने तालिमहरुको पाठ्यक्रम विकास गर्ने तथा आवश्यक परिमार्जन गर्ने ।

(ख) केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय र कार्यक्रम संचालित जि.प.से.काहरुलाई तालिम संचालनमा सहयोग पुराउने ।

(ग) तालिम प्राप्त सेवा प्रदायकहरुको प्रभावकारिता अध्ययन गर्ने ।

(घ) केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय र कार्यक्रम संचालित जि.प.से.काहरुलाई प्रचार, प्रसारका सामग्री उपलब्ध गराउने ।

९. पशु स्वास्थ्य निर्देशनालयको जिम्मेवारी

(क) स्रोतकेन्द्रमा रोगहरु फैलिन नदिन मातहतमा रहेका कार्यालयहरु मार्फत सर्भिलेन्स गर्ने ।

(ख) विभिन्न संक्रामक रोगहरु विरुद्ध जि.प.से.का.लाई आवश्यक खोपहरु उपलब्ध गराउन सहयोग पुराउने ।

(ग) रोगको महामारी फैलिएको खण्डमा नियन्त्रणको लागि आश्यक कदम चाल्ने ।

(घ) स्वास्थ्य सम्बन्धी नीति, निर्देशिका, कार्यविधि, नर्म्स बनाउन तथा परिमार्जन गर्न सहयोग गर्ने ।

१०. पशु उत्पादन निर्देशनालयको जिम्मेवारी:

(क) कार्यक्रम संचालनको लागि केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालयलाई आवश्यक सुझाव, सल्लाह तथा निर्देशन दिने ।

(ख) सन्चालित कार्यक्रमको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने तथा विभिन्न निकायबाट प्राप्त निरीक्षण प्रतिवेदन अनुसार सम्वन्धित निकायहरुलाई समय मै सुधारको लागि पृष्ठपोषण गर्ने ।

(ग) कार्यक्रम संचालन गर्न आवश्यक पर्ने कार्यक्रम कार्यान्वियन गर्न सम्वन्धित निर्देशनालय, विभाग, मंत्रालय र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।

(घ) कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण संयोग गरि पशु सेवा विभागमा पठाउने ।

११. पशु सेवा विभागको जिम्मेवारी:

(क) स्रोतकेन्द्र बिकासका कार्यक्रमहरु तर्जुमा, बजेट बिनियोजन तथा ब्यवस्था गर्ने ।

(ख) स्रोतकेन्द्रसँग सम्वन्धित कार्यबिधि स्वीकृति, संशोधन तथा परिमार्जनका लागि सरोकारवाला निकायहरुसँग समन्चय गर्ने ।

(ग) कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन गर्ने, गर्न लगाउने ।